# २ पावलले पाएका सुसमाचार गर्ने अधिकार र सुसमाचार

*यस अध्यायको निम्ति पढ्नुहोस्:* २ पत्रुस ३:१५,१६, गलाती १, फिलिप्पी १:१, गलाती ५:१२

*स्मरण गर्नुपर्ने पद:* “के मानिसहरूले म असल मानिस भएको ठानोस् भनेर उक्साउन खोजिरहेको छु र? वा के मेरो हित भनेर परमेश्वरले नै सोचोस् भन्ने चाहन्छु? के मैले मानिसहरूलाई खुशी पार्न खोजिरहेको छु र? यदि मानिसहरूलाई खुशी पार्न म चलिरहेको छु भने मैले ख्रीष्टको सेवा गरिरहेको पाउँदिन" (गलाती १:१० रूपान्तरित)।

मानौं कुनै विश्वविद्यालयका विद्यार्थीहरूले क्याम्पसमा एक विषेश भवन वा थलो बनाए रे । त्यसमा सबै खालका विद्यार्थीहरूलाई स्वागत गरिएको हुन्छ। ती विद्यार्थीहरू चाहे काला वा गोरा होस्, महिला वा पुरुष होस्, धनी होस् वा गरिब, छुत् जातको अछुत् जातका वा धर्म मान्ने होस् वा नमान्ने हुन्। तर मानौं धेरै वर्ष पछि ती विद्यार्थीहरू फर्केर आउँदा अरूहरूले त्यस थलोलाई परिवर्तन गरिदिएको पाउँछन् रे। शान्तीसँग मिलेर हेमचेम गर्ने ठूलो कोठा अब छैन रे। तर त्यो कोठा त सानो सानो कोठामा विभाजित गरेर बिभिन्न समूहहरू छुट्टा छुट्टै बस्ने बनाइएकोरहेछ रे। यो परिवर्तन किन भयो भनेर नयाँ विद्यार्थीहरूलाई ती पुराना विद्यार्थीहरूले सोधे रे। “तपाईंहरूले जुन अधिकार पाएर पुरानो चलन चल्ती बसाल्नु भएको थियो, त्यहि अधिकारले हामीले पनि यो परिवर्तन गरेका छौं" भनेर तिनीहरूले तर्क गरे रे !

जब गलातीका चर्चहरूलाई पावलले पत्र लेखे उनले पनि त्यस्तै अवस्थाको सामना गर्नुपरेको थियो। केवल विश्वासको आधारमा मात्र गैर-यहूदीहरू चर्चमा समावेश हुनसकून् भन्ने पावलको योजना थियो। तर चर्चमा प्रवेश गर्नुभन्दा पहिले ती गैर-यहूदीहरू पनि खतना तथा

मोसाका बिधिहरू पालन गर्नुपर्छ भनेर सिकाउने असत्य यहूदी-इसाई धर्मगुरूहरूको चुनौती पावलले सामना गर्नुपरेको थियो।

सुसमाचारको मौलिक सन्देशमाथि नै ती झुट्टा धर्मगुरूहरूको दृष्टिकोणले हमला गरेको पावलले देखेका थिए। त्यसकारण उनले तमासा हेरेर बस्न चाहेनन्। केहि न केहि गर्नु पर्छ भनेर बिचारको फलस्वरूप गलातीको पुस्तकको सृजना भयो।

## १. पत्रका लेखक पावल (२ पत्रुस ३:१५,१६)

पावलले लेखेका पत्र तथा लेखहरूका विषयमा शुरूका चर्चका मानिसहरूले सोचेको कुरा २ पत्रुस ३:१५, १६ले कसरी बताउँछन्? परमेश्वरको प्रेरणाले कसरी काम गर्दछन् भनेर ती पदहरूले हामीलाई सिकाउँदछन्?

जब पावलले गलातीहरूको निम्ति पुस्तक लेखे तब त्यो पुरस्कृत पुस्तक होस् भनेर पावलले लेखेको थिएन। बरू पावल र गलातीका विश्वासीहरूले सामना गरिरहेका केहि विषय वस्तुहरूलाई सम्वोधन गर्न पवित्र आत्माको अगुवाईमा उनले त्यो पुस्तक लेखेका थिए।

पावलको प्रेरित कामको निम्ति गलाती जस्ता पुस्तकहरूले उल्लेखनीय भूमिका खेलेका थिए। गैर-यहूदीहरूको बिचमा धर्म प्रचारकको हैशियतले भूमध्यसागर वरिपरिका प्रान्तहरूमा धेरै चर्चहरू स्थापना पावलले गरेका थिए। जब पावलले सके उनी ती चर्चहरूमा जान्थे। तर एकै ठाउँमा उनी धेरै समयसम्म रहन सकेको थिएन। बरू ती चर्चहरूलाई अगुवाई गर्न पावलले पत्रहरू लेखेका थिए। समय समयमा पावलका ती पत्रहरू एक चर्च पछि अर्को चर्चमा बाँड्थे (कलस्सी ४:१६)। दुर्भाग्यवस, पावलका कतिपय पत्रहरू हराएका छन्। तर, नयाँ करारमा उनको नाउँका कमसेकम १३ पुस्तकहरू छन्। पावलका पत्रहरू पवित्र लेखहरू थिए भनेर कतिपयले सोचेका थिए। यो धारणा माथि उल्लेखित पत्रुसको लेखबाट देखाउँदछ। चर्चको इतिहासमा पावलको सेवाले कत्ति अधिकार जमाएको रहेछ भनेर त्यसले देखाउँछ।

परमेश्वरको प्रेरणाद्वारा उब्जिएको वचन वा बाइबलमा समावेश गर्न लेखिएको पावलका पत्रहरू पवित्र आत्माले सृजेको हुनाले उनको लेखनशैली विषेश खालको थियो एक ताका कतिपय इसाई विद्वानहरूले मानेका थिए। तर जब मीश्रदेश अर्थात् इजिप्तमा मुठामा (स्क्रोल) लेखिएका पाँच लाख जति प्राचिन टुक्राहरू अक्सफोर्डका दुई जना विद्वान बर्नार्ड ग्रीनफेल र अर्थर हन्टले भेट्टाए तब पावलको लेखको बारेमा भएका धारणामा परिवर्तन आएको थियो। (पानीमा पाइने नर्कट जस्तो बिरुवाका पातहरूलाई सुकाएर कागत जस्तो बनाएको वस्तुलाई स्क्रोल भनिन्छ जसमा लेखहरू लेखिन्थे। ती पातहरूलाई पापिरस भनिन्थे। येशू भन्दा सयौं वर्ष पहिले र पछि पनि ती लेखन सामग्री अत्यन्त लोकप्रिय थिए)। ती विद्वानहरूले केवल नयाँ करारका प्रतिलिपीहरूमात्र भेट्टाएनन्, तिनीहरूले रकम चलानी बिल, करका पुर्जी, रसिद, र व्यक्तिगत पत्रहरू पनि भेट्टाएका थिए।

पावलका मौलिक लेखनशैली उनको समयमा अरू पत्र तथा पुस्तक लेखकहरूकै जस्तै साधारण शैली थियो भनेर भेट्टाउँदा सबैलाई अचम्म लाग्नु स्वाभाविकै हो। ती शैलीमा देहायका तत्वहरू समावेश हुन्थे (१) पत्रको सुरुमा पत्र लेखकको अभिवादन र पत्र पाउनेको नाउँ (२) धन्यवादका शव्दहरू (३) पत्रको मूख्य भाग (४) अन्तिम मन्तव्य।

संक्षिप्तमा भन्ने हो भने पावलको लेख कुनै असाधारण, अलौकिक वा पुजनिय लेखहरू नभएर उनको समयमा चलेको लोकसम्मत वा मौलिक शैलीलाई पछ्याएको पाउँछौं। जुन शैलीमा पावलले पत्रहरू लेखे ती सह विश्वासीहरूले थाहा पाउने गरि सरल तथा प्रचलित भाषामा लेखेका थिए।

यदि आज बाइबल लेखियो भने कुन शैलीमा लेखिन परमेश्वरले भन्नुहुन्छ होला जसले गर्दा सर्वसाधारणहरूले पनि बुझ्न सकोस्?

## २. विशेष कामको निम्ति पावललाई बोलाहट (गलाती १:१,२)

पावलका पत्रहरू प्रायजसो बाइबलको समयमा लेखिने मौलिक तथा सरल शैलीमा लेखेका थिए। तर गलातीको पुस्तकमा केहि यस्ता

विशेष तत्वहरू छन् जुन अरूमा पाइन्दैन। यदि अरू पत्र भन्दा पनि फरक भएका ती विशेष तत्वहरूलाई चिनियो भने पावलले कुन परिस्थितिलाई मध्य नजर राखेर सम्वोधन गरिरहेको भनेर हामीले बुझ्न सक्छौं।

पत्रहरूको सुरूमा गरिएको पावलका अभिवादनलाई तुलना गरेर देहायका पदहरू हेर्नुहोस्: गलाती १:१,२सँग एफिसी १:१, फिलिपी १:१सँग २ थेस्सोलोनी १:१। गलातीमा उल्लेख गरिएको अभिवादन र अरू पत्रहरूमा गरिएको अभिवादनमा के समानता छ? के भिन्नता छ?

अरू पत्रहरूमा भन्दा गलातीको पत्रमा उल्लेखित गरिएको अभिवादन अलिकति लामो छ। तर प्रेरित हुने अधिकार उनले पाएको हो भन्ने दावीलाई स्पष्ट पार्न कोशिष गर्न खोजेको पाइन्छ। आपोस्टल वा प्रेरित भन्ने शव्दको अर्थ “कसैलाई पठाइएको" वा “सन्देशवाहक" हो। नयाँ करारको सन्दर्भमा येशूका ती सुरूका बा्रह जना चेला र अरू जसले उहाँको पुनरुत्थान पछि उहाँ देखापर्दा सँगै भएका र उहाँको गवाही हुन संसारमा जान निर्देशन पाएका विशेष भक्तहरूलाई प्रेरित भनेर कहलाइएको पाउँछौं (गलाती १:१९, १ कोरन्थी १५:७)। ती विशेष समूहको सदस्य आफू पनि हुँ भनेर पावलले दावी गर्दछ।

प्रेरित भएको आफ्नो अधिकारको प्रयोग कुनै एक व्यक्तिमा मात्र सिमित राखेको छैन भनेर पावलले कडा शव्दमा व्यक्त गर्दछ। गलातीमा भएका केहि यहूदी येशूभक्तहरूले पावलको प्रेरित हुने अधिकारलाई नाश गर्न खोजेको पाइन्छ। किन त? मुक्ति भनेको येशूमा केवल बिश्वास गर्दा मात्र पाइन्छ तर परम्पराका रितिथिति तथा व्यवस्थालाई पालन गरेर होइन भनेर सिकाएको पावलको शिक्षालाई चर्चका कतिपय मानिसहरू असहमत जनाएका थिए। पावलले सिकाएका शिक्षादिक्षा, आज्ञापालनको विरोधमा छन् भनेर तिनीहरूले अनुभव गरेका थिए। पावलको शिक्षाको खिलाफमा गएर दुःख दिने चाहनेहरू चलाक थिए। पावलले प्रचार गरेको सुसमाचारको आधिकारिक सन्देश प्रेरितको अधिकारसँग (यूहन्ना ३:३४) सिधा गाँसिएको थियो भनेर उनीहरूलाई

थाहा थियो। तर त्यस अधिकारसँग असहमत जनाएर तिनीहरूले उनीमाथि शक्तिशाली आक्रामक निति लिएका थिए।

फेरि पावलका शत्रुहरूले उनको प्रेरित हुने अधिकारसँग सिधै अश्विकार पनि गरेको थिएन। तर पावललाई त्यसरी मान्नु पर्ने जरुरत छैन भनेर तिनीहरूले तर्क गरेका थिए। येशूका प्रारम्भिक चेलाहरूमा पावल समावेश भएका थिएनन् भनेर तिनीहरूले दावी गरेका थिए। त्यसकारण उनले पाएको अधिकार परमेश्वरबाट नभएर मानिसबाट हो भनेर उनको खिलाफमा मानिसहरूलाई ती इसाई भनेर दावी गर्नेहरूले उक्साएका थिए। पावल र वर्णावासलाई प्रचारको कामको निम्ति नियुक्त गरेका (प्रेरित १३:१-३) आन्टिओक चर्चका अगुवाहरूबाट उनले अधिकार पाएको हुनसक्छ भनेर पावलका विरोधीहरूले तर्क गरेका थिए। पावललाई वप्तिस्मा दिने अननियासले (प्रेरित ९:१०-१८) उनलाई प्रेरित हुने अधिकार दिएको हुनसक्छ भनेर पनि तिनीहरूको सोच थियो। पावल केवल अन्टिओक वा डमस्कसले खटाएका सूचना दिने व्यक्ति मात्र हुन्, अरू कोहि होइन भनेर उनका बैरीहरूको मगजमा घुसेको थियो। यसको अर्थ उनले दिएको सन्देश उनको आफ्नै व्यक्तिगत हो परमेश्वरको वचनबाट होइन भनेर तिनीहरूले बादविवाद गरेका थिए।

बैरीहरूले उनलाई अवमूल्यन गरेर उनको अधिकारलाई धरापमा पार्न खोजेको तत्वहरूप्रति पावल चनाखो भएका थिए। त्यसकारण तुरन्तै उनले आफू प्रेरित हुने अधिकार परमेश्वरबाट नै पाएको हो भनेर प्रतिवाद गरेका थिए।

हाम्रो चर्चले विश्वास गरेको बाइबलको अधिकारलाई आज पनि कतिपय मानिसहरूले चुनौती दिइरहेको हामी पाउँछौं। कुन कुन तरिकाले बाइबलको अधिकारलाई चुनौतीहरू दिइरहेका छन्? ती चुनौतीहरू के के हुने भनेर हामीले कसरी जान्ने? स्पष्ट रूपमा भन्ने हो भने बाइबलको अधिकारलाई प्रश्न गर्ने ती चुनौतीहरूले तपाईंको सोचाइमा कत्तिको प्रभाव पारेको छ?

## ३. पावलको सुसमाचार (गलाती १:१-६)

आफ्नो प्रेरितको अधिकारलाई सुरक्षित गरेको कुरालाई औंल्याउँदै पावलले गलातीको पत्रको अभिवादनको सुरूमा अरू के पनि उल्लेख गरिएको छ? गलाती १:३-५सँग एफिसी १:२, फिलिप्पी १:२ र कलस्सी १:२ तुलना गर्नुहोस्।

पावलका पत्रहरूमा धेरै विशेषताहरू छन्। पत्रको सुरुको अभिवादनमा अनुग्रह र शान्तिलाई जोड्ने चलन पावलको पत्र लेखाइशैलीको एक विशेषता हो। यो शैली यहूदी र ग्रीक तथा गैर-यहूदी संसारका मानिसहरूले लेखिने पत्रको शैली भन्दा केहि हदसम्म फरक छ। उदाहरणमा, ग्रीकले आफ्नो पत्रको सुरूमा "अभिवादन" (chairein चेरिन्) (अर्थात् नमस्ते) भनेर लेख्दछन् भने पावलले अनुग्रह भनेर सुरू गर्दछन्। यो शव्द ग्रीक "चेरिस" (charis) जस्तै छ। अनि यसमा पावलले यहूदीले रच्ने पत्रमा उल्लेख गर्ने "शान्ति"लाई जोड्दछ।

पत्रको सुरूमा ती दुई शव्दहरू अर्थात् अनुग्रह र शान्तिलाई जोड्ने चलन केवल आनन्द दिनको लागि मात्र होइन। बरू पत्रको सुरूमै पावलले सुसमाचारको सन्देशलाई वयान गरेको पाइन्छ। (खास गरि भन्ने हो भने, ती दुई शव्दहरू नयाँ करारका अरू लेखकहरूले भन्दा पावलले धेरै प्रयोग गरेको पाइन्छ)। याद गर्नुहोस्, अनुग्रह र शान्ति पावलबाट होइन तर परमपिता परमेश्वर र येशू ख्रिष्टबाट हुन्।

गलाती १:१-६मा पावलले सुसमाचारको कुन् भागहरूलाई उल्लेख गरेको पाइन्छ?

सुसमाचारको स्वभावलाई अघि सार्न सुरूको आफ्नो अभिवादनमा अलिकति खाली ठाउँ पावलले राखेको पाइन्छ। तर सुसमाचारको आधारभूत सन्देशलाई केवल केहि छोटो पदहरूले चातुर्यतासाथ पावलले वयान गरेका हुन्। सुसमाचारको सत्य सार के हो त? अर्थात् सुसमाचारले केन्द्रित गरेको सत्य के हो त? ख्रीष्टले क्रुसको मृत्युमा र पुनरुत्थानमा हाम्रो निम्ति के गर्नुभयो त्यसैमा सुसमाचार पूर्ण रूपमा भर पर्दछ भनेर पावलले आफ्नो तर्क स्पष्ट पार्दछ। हामीले हाम्रो

निम्ति कहिलै पनि गर्न नसक्ने काम येशूको मृत्यु र पुनरुत्थानमा सम्पन्न गर्नुभएको थियो। उहाँले पाप र मृत्युको शक्तिलाई तोड्नुभएको थियो। येशूका ती कार्यहरूले उहाँका अनुयायीहरूलाई दुष्टको शक्तिबाट स्वतन्त्र गर्दछ। त्यो सैतानको शक्तिले कतिपय मानव जातिलाई भय र दासत्वमा राखेको हुन्छ।

अनुग्रह र शान्तिको अचम्म सन्देश जुन परमेश्वरले हाम्रो निम्ति येशूमा सृष्टि गर्नुभएको थियो, त्यसको बारेमा पावलले सोचिरहेको हामी पाउँछौं। त्यसले गर्दा पावल अति हर्षित भएर झट्ट परमेश्वरको स्तुति गर्दछ जुन हामीले गलाती १:५मा पाउँछौं।

पावलले गलाती १:१-५मा उल्लेख गरेका सुसमाचारको सन्देशलाई तपाईंले बुझेजत्ति आफ्नो शव्दहरूमा उतार्नुहोस्। त्यसलाई आफ्ना विश्वासीहरू बिच बाँड्नुहोस्।

## ४. अरू सुसमाचार छैन (गलाती १:६-९)

साधरणतया आफ्नो पत्रमा अभिवादन गरिसकेपछि पावलले के उल्लेख गर्दछन्? यस सन्दर्भमा अरू पत्रहरू भन्दा गलातीको पत्रमा के भिन्नता छ? गलाती १:६सँग देहायका पदहरू हेर्नुहोस्: रोमी १:८, १ कोरन्थी १:४, फिलिप्पी १:३ र १ थेस्सोलोनी १:२।

विभिन्न खालका विषयवस्तु र समस्याहरूलाई सम्वोधन गरेर पावलले चर्चहरूलाई पत्र लेखेको हामी पाउँछौं। यद्यपि, उनका पाठकहरूको परमेश्वरप्रतिको विश्वासको कदर गर्दै परमेश्वरलाई प्रार्थना वा धन्यवाद दिँदै पावलले आफ्नो पत्रको सुरू गर्ने बानी बसालेको देखिन्छ। बिभिन्न व्यक्तिगत र आन्तरिक समस्यामा अलमलि रहेका कोरन्थीका चर्चहरूको निम्ति लेखेको पत्रले पनि पावलको त्यो बानीलाई देखाउँदछ। हेर्नुहोस्: १ कोरन्थी १:४ र ५:१। गलातीका चर्चहरूमा भएका समस्याहरू यस्ता जटिल, गोलमाल र चिन्ताग्रष्ट थियो कि पावलले धन्यवादका शव्दहरू प्रयोग गर्ने आदतलाई त्यागी गलातीको पत्र सुरू गर्दछ। बरू जुन जल्दोवल्दो विषयवस्तु हो त्यसैलाई सम्वोधन गर्दै उनले आफ्नो पत्र सुरू गरेको देखिन्छ।

गलातीमा के भइरहेको छ त्यसप्रति आफू कत्तिको चिन्तित छु भनेर देखाउँदै पावलले आफ्नो पत्रमा कस्तो कडा शव्दहरू प्रयोग गर्दछन्? हेर्नुहोस्: गलाती १:६-९, गलाती ५:१२।

गलातीका विश्वासीहरूको खिलाफमा आरोप तथा गुनासो पोख्याउन पावलले कतिपनि नहिच्किच्याएको देखिन्छ। आफूलाई इसाई त भन्ने तर त्यस गरिमामय नाउँलाई धोका ती गलातीका विश्वासीहरूले गरिरहेका छन् भनेर उनीहरूको दोषलाई पावलले भण्डाफोर गर्दछ। "येशूको विश्वासलाई यति चाँडो त्याग्यो" भनेर दु:ख पोखाउँदै प्रयोग गरिएको "त्याग्यो" शव्द त्यहि शव्द हो जब लडाईंमा सिपाहींले देशप्रति आफ्नो कर्तव्य र बफादारीलाई छोडेर भाग्दछ। आत्मिक रूपमा हेर्ने हो भने गलातीहरू परमेश्वरलाई त्यागेर आफ्नो विश्वासघाती वा निमकहराम चरित्र देखाइरहेका छन् भनेर पावलले स्पष्ट रूपमा भनीरहेको देखिन्छ।

बप्तिस्मा पनि लिए होलान्, चर्चमा पनि गइरहेका होलान्, इसाई भनेर दावी पनि गरिरेका होलान्, तैपनि गलातीका नकावधारी इसाईहरूले परमेश्वरलाई कसरी त्यागी रहेकाछन्? सुसमाचारको सरल सन्देशलाई नमानी अरूहरूको मनगढन्ते तथा भिन्नै सन्देशलाई आत्मसात् गर्दा ती इसाईहरूले परमेश्वरलाई धोका दिइरहेका थिए। येशूलाई विश्वास गर्न धेरै अरू सुसमाचारहरू छन् भनेर पावलले भनिरहेको छैन। चर्चमा कतिपयले केवल येशूलाई बिश्वास गरेर मात्र पुग्दैन भनेर सिकाइरहेका थिए (प्रेरित १५:१-५)। यसले गर्दा ए पावलले सिकाएको भन्दा अर्को सुसमाचार पनि रहेछ भनेर ती इसाईहरूको मनमा घुसिरहेको थियो। यसले गर्दा पावल यतिको क्रुद्ध भएका थिए कि यदि कसैले आफूहरूले सिकाएको भन्दा फरक सुसमाचार सिकाउँदछ भने तिनीहरूलाई परमेश्वरको श्राप परोस भनेर चाहना व्यक्त गर्दछ (गलाती १:८)। आफ्नो धारणामा पावल अत्यन्त बलियो भएकोले नै उनले त्यहि कुरालाई दुई पटक भन्दछन् (गलाती १:९)।

आज पनि हाम्रै चर्चमा कतिपयले भन्दछन् धार्मिक शिक्षादिक्षा अर्थात् चर्चका शिद्धान्तहरू भन्दा अनुभव महत्त्वपूर्ण हुन्छ। परमेश्वरसँग भावनात्मक सम्वन्ध भए पुगी हाल्छनि, किन चर्च तथा बाइबलले सिकाएका कुराहरूलाई पालन गर्नुपर्छ भनेर परमेश्वरको वचनप्रति गम्भिर नहुन मुकुन्दोधारी इसाईहरू छ्यापछ्यापि पाइन्छन्। हो, परमेश्वरसँग भावनात्मक सम्वन्ध वा आत्मियता सम्वन्ध अत्यन्त महत्त्वपूर्ण छन् तर त्यो सम्वन्ध उचित सम्वन्ध छ भनेर थाहा पाउन केवल उचित धर्म बिद्याले मात्र मूल्याङ्कन गर्न सक्दछ। ठिक सिद्धान्त तथा शिक्षादिक्षा अनुसार हाम्रो विश्वास हुनुपर्छ भनेर पावलको लेखहरूले हामीलाई कसरी सिकाउँदछन्?

## ५. पावलले सिकाएका सुसमाचारको औचित्य (गलाती १:११-२४)

पावलले आफूलाई कस्तो धर्मात्मा वा असल छु भन्ने देखाउन आफ्नै प्रकारका सुसमाचार प्रचार गरिरहेका छन् भनेर गलातीका उपद्रव मानिसहरूले दावी गरिरहेका थिए। गलाती १:६-९ र ११-२४ पदहरू ध्यानपूर्वक पढ्नुहोस्। यदि अरू मानिसले पावललाई राम्रो ठानेको मात्र चाहने उनको नियत छ भने उनको पत्र कस्तो फरक हुनसक्थ्यो होला?

गैर-यहूदीहरूले येशूलाई ग्रहण गर्दा खतनाको बिधिको आवश्यक छैन भनेर पावलले प्रचार गरेका थिए। पावलले किन यस्तो शिक्षा सकाउँछन् भनी उनका शत्रुहरू उनको बिरोधमा थिए। जसरी भएपनि मानिसहरूलाई इसाई बनाउने पावलको नियत भएकोले त्यस्तो प्रचार उनले गरेका हुन् भनेर उनका बिरोधीहरूले दावी गरेका थिए। गैर-यहूदीहरूले खतना नगर्न चाहेकोले पावलले त्यसको आवश्यकतालाई नसिकाएको भनेर उनीहरूले सोचेका थिए। यसको अर्थ पावल त मानिसहरूलाई खुशी पार्न र जसरी भए पनि धेरै इसाई बनाएर जस लिने मानिस हुन् भनेर ती बैरीहरूले सोचेका थिए। उनका शत्रुहरूको अभियोगलाई प्रतिवाद वा कडा शव्द प्रयोग गरि आफ्नो तर्कलाई उनले प्रस्तुत गरेको गलाती १:८,९मा हामी पढ्न सक्दछौं।

यदि मानिसहरूले उनलाई कस्तो असल मानिस रहेछ भनोस् भन्ने उनको नियत भएको भए ती कडा शब्दहरूले पावलले प्रतिकार गर्ने थिएनन्।

मानिस वा व्यक्ति विशेषलाई खुशी पार्न चाहनेले येशू ख्रीष्टको भक्त हुन असम्भव छ भनेर पावलले किन भन्दछन्?

सिधै परमेश्वरबाट सुसमाचार र त्यसको प्रचार गर्ने अधिकार आफूले पाएको हो भनेर दृढतापूर्वक पावलले पद ११ र १२मा भन्दछन्। पद १३-२४मा आफ्नो धारणालाई पावलले कसरी पुष्टी गर्दछ?

येशूलाई ग्रहण गर्नु भन्दा अघि उनको जीवन कस्तो थियो (पद १३,१४), ग्रहण गरेपछि कस्तो भयो (पद १५,१६) र पछि के भयो (पद १६-२४) भनेर पावलले आफ्नो जीवन कहानी सुनाउँछन्। ती बिविध अनुभवहरूलाई मध्य नजर राख्दा उनको सुसमाचार परमेश्वरबाट होइन भनेर कसैले दावी गर्न सक्दैन भनेर पावलले जोड गरेको पाइन्छ। परमेश्वरले उनलाई दिनुभएको जिम्मेवारीलाई सोधपुछ गरेर कसैले पनि बिगार्न नदिन पावलको अथक प्रयास थियो। अरूले बिरोध गर्दैमा उनी त्यत्तिक्कै हात बाँधेर नबस्ने उनको दृढता थियो। उनलाई थाहा थियो कि उनलाई के भयो। के सिकाउनको निम्ति परमेश्वरले खताउनुभएको हो भनेर त्यो पनि उनलाई थाहा थियो। जसले जे गरेपनि आफूले पाएको जिम्मेवारीबाट पछि नहट्ने पावलको प्रण थियो।

येशू ख्रीष्टको सेवा गर्न तपाईंलाई बोलाइएको हो भनेर तपाईं कत्तिको निश्चित हुनुहुन्छ? परमेश्वरले तपाईंलाई के काम गर्न बोलाउनुभएको हो भनेर भित्री हृदयदेखि कसरी थाहा पाउने? फेरि त्यसै वखत तपाईंलाई परमेश्वरले बोलाउनुभएको हो भनेर निश्चय भएतापनि अरूको सरसल्लाहलाई सुन्नु पर्छ भन्ने कुरामा किन पछि पर्नुहुन्न?

**उपसंहारः**

थप जानकारीः "(प्रारम्भिक इसाई इतिहासमा) स्थापना भएको प्रायजसो सबै चर्चमा कोहि न कोहि जन्मैदेखि यहूदी थिए। यहूदी धर्मगुरूहरूले

ती यहूदीबाट इसाई हुनेहरूलाई यहूदी रितिथिति सिकाउन सजिलो भएको थियो। तिनीहरूबाटै ती धर्मगुरूहरूले चर्चमा आफ्ना अधिकार बसाउन सकेका थिए। पावलले सिकाएको शिक्षादिक्षालाई बाइबललाई आधार बनाउँदै बादबिवाद गरेर लत्याउन असम्भव थियो। त्यसकारण ती नकावधारी यहूदी-इसाई धर्मगुरूहरूले पावलको प्रभाव र अधिकारलाई मत्थर तथा कमजोर पार्न कपट तथा बेइमान उपायहरू प्रयोग गरेका थिए। तिनीहरूले भने पावल त येशूसँग रहेर कहिलै पनि चेला भएका थिएनन्, त्यसकारण येशूबाट उनलाई प्रचार गर्न कुनै आदेश र अधिकार दिइएको छैन। यस्तोले पत्रुस, याकूब र अरू चेलाले सिकाएका शिक्षादिक्षाको खिलाफमा जान कस्तो सुरो भएको हो?.....

"सुसमाचारको सरलतामा विश्वास गर्दै येशूको भक्त बनेर चर्चमा आएका विश्वासीहरूलाई ती नकावधारी इसाईहरूले उनीहरूको बिश्वासलाई जालसाजीबाट नास गर्न खोजेकोमा पावल अत्यन्त चिन्तित भएका थिए। धर्मलाई अस्त्रको रूपमा लिएर गलातीमा रहेका गैर-यहूदी इसाईहरूको विश्वासलाई अलमलमा पार्ने नकावधारी इसाई धर्मगुरूहरूलाई प्रतिकार गर्न पावलले झट्टै पत्र लेखेका थिए। पावलले ती यहूदी तथा यहूदी-इसाईहरूको गलत तर्कहरूको भण्डाफोर गरेका थिए र तिनीहरूको बहकावमा लागेर आस्थालाई त्यागेकाहरूलाई झपारेका थिए।"-एलेन जी ह्वाइट, स्केचेस फ्रम द लाइफ अभ पावल, पृ. १८८, १८९बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. सुसमाचार कस्तो हुनुपर्छ भनेर एक आपसमा छलफल गर्नुहोस्। त्यसबाट के सिक्न सकिन्छ त्यो सोच्नुहोस्।

ख. येशू बिशेष कारणको निम्ति मर्नुभएको थियो भनेर पावलले गलातीका इसाईहरूलाई लेखेको पत्रको सुरूमा उल्लेख गरिएको छ। त्यो कारण के हो त? बर्तमान युगमा पनि के ती कारण हाम्रो निम्ति समयसापेक्षित वा अर्थपूर्ण छ त?

ग. आफ्ना पूर्खाले अपनाएका परम्पराहरूको गम्भिर रूपमा समर्थन गरेको कुरा पावलले गलाती १:१४मा उल्लेख गर्दछन्। ती परम्परा, कट्टर यहूदी फरिसी पण्डितहरूको संस्कार र पुरानो करार हुनसक्छ। हाम्रो आस्थामा ती परम्पराहरूको स्थान के छ त? परम्परा तथा संस्कारको तर्कप्रति कत्तिको सचेत हुनुपर्छ भनेर पावलकै अनुभवबाट हामीले कसरी सिक्ने?

घ. आफूले विश्वास गरेको भन्दा फरक बिश्वास गर्नेहरूका शिक्षादिक्षाप्रति पावल किन आक्रामक भएको हामी पाउँछौं? के पावलले मेरो गोरूको बाहैं टक्का भन्न खोजेका हुन् त? उनको सुसमाचारमा सहमत नभएर आफ्नै ढङ्गमा प्रचार गर्नेहरूको बारेमा पावलले लेखिएका कुराहरूलाई फेरि पढ्नुहोस्। हाम्रो चर्चमा पनि यस्तो कडा निति आज कसैले लिन्छ भने त्यस्तो व्यक्तिप्रति हाम्रो धारणा कस्तो होला?

**सारांशः** गलाती प्रान्तमा नकावधारी इसाई धर्मगुरूहरूले पावलको सेवाकार्यलाई तहसनहस तथा नाश गर्न खोजेका थिए। पावलले पाएका प्रेरितिय अधिकार र सुसमाचार परमेश्वरबाट होइन भनेर तिनीहरूले दावी गर्दै उनको खिलाफमा प्रचार गरेका थिए। ती दुवै चुनौतीको प्रतिकार गर्न पावलले गलातीको पत्र लेखेको थियो। ती चुनौतीलाई उनले कसरी प्रतिकार गरे भनेर त्यस पत्रको सुरूको केहि पदहरूले देखाउँदछन्। मुक्तिको निम्ति एउटै मात्र बाटो छ भनेर निडर तथा प्रतिवद्धतासाथ पावलले घोषणा गर्दछन्। जुन घट्नाक्रमले उनको आस्था परिवर्तन भयो त्यसले नै उनको बोलाहट र सुसमाचार परमेश्वरबाटै हो भनेर दृढता पावलले व्यक्त गर्दछन्।